म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
म.जि.हु.का.द.नं. ३०/०६९/०७०
बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २८१ २०८० भदौ २० गते बुधबार 6 September 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**
फोहोर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।
त्यसैले:
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धिकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ५ जना शिक्षक प्रथम श्रेणीमा बढुवा


बढुवा भएका शिक्षकहरुले शिक्षा विकास तथा समन्वय इकाईबाट पत्र बुझ्दै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाका ५ जना शिक्षक प्राथमिक तहको प्रथम श्रेणीमा बढुवा भएका छन् । सोमबार शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले बढुवा भएका शिक्षकहरुलाई बढुवापत्र प्रदान गरेको छ ।

शिक्षक सेवा आयोगबाट बढुवाका लागि सिफारिस भएका शिक्षकलाई बढुवापत्र वितरण गरिएको इकाई प्रमुख दिनानाथ गौतमले जानकारी दिनुभयो । हेटौंडा-१८ स्थित जनप्रिय माध्यमिक विद्यालयका कृष्णप्रसाद अधिकारी, हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयका यशोदा थापा क्षेत्री प्रथम श्रेणीमा बढुवा हुनुभएको छ । यसैगरी, हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयमा मञ्जु खनाल, हेटौंडा-३ स्थित महेन्द्रकिरण माध्यमिक विद्यालयमा भीमप्रसाद दाहाल र हेटौंडा-१५ स्थित जनजागृति माध्यमिक विद्यालयमा नर्मदा बिडारी पोखरेल प्राथमिक तहको प्रथम श्रेणीमा बढुवा भएको प्रमुख गौतमले जानकारी दिनुभयो ।

## मानवसेवा आश्रममा वृद्धको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, बेलचोकमा रहेको मानवसेवा आश्रममा आश्रित एकजना वृद्धको मृत्यु भएको छ । गोर्खा जिल्ला घर भएका ८५ वर्षीय प्रेम बहादुर गुरुङको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । २०७८ साउन १४ गतेदेखि गुरुङ आश्रममा बस्दै आएका थिए । गुरुङको सोमबार आश्रममै मृत्यु भएको प्रहरीले जनाएको छ ।

## जबर्जस्तीकरणीको अभियोगमा डा. राई पक्राउ

समाज संवाददाता

हेटौंडाः महिलामाथि जबर्जस्तीकरणी गरेको अभियोगमा हेटौंडा-१ स्थित हेटौंडा सिटी हस्पिटलका सञ्चालक ३६ वर्षीय डा. बसिम राई पक्राउ परेका छन् ।

सोमबार राती साढे १० बजेको समयमा हेटौंडा-१ स्थित डा. राईको आफ्नै कोठामा आफूमाथि जबर्जस्तीकरणी गरेको भनी पीडित महिलाको उजुरीको आधारमा डा. राईलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । मकवानपुर प्रहरी प्रमुख सिताराम रिजालका अनुसार यसअघि पनि पटक-पटक जबर्जस्तीकरणीको प्रयास भएको भनी पीडित महिलाले प्रहरीलाई जानकारी दिएकी छिन् । प्रहरीले डा. राईलाई ५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न मकवानपुर जिल्ला अदालतबाट अनुमति पाएको छ ।

## युवाहरुले गरे हेटौंडा बजार सरसफाई

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडा बजार आसपास क्षेत्रमा युवाहरुले सरसफाई गरेका छन् । मंगबालर ग्लोबल युथ इन्टरप्रेनर्स ट्रेनिङ्ग ईन्स्टिच्युट प्रालिमा आबद्व युवाहरुले सरसफाई गरेका हुन् ।

हाम्रो फोहोर हाम्रो दायित्व भन्दै हेटौंडा उपमहानगरपालिका-१०, रुद्रपथस्थित कार्यालयको प्राङ्गणबाट सरसफाई सुरु गरिएको थियो । आपसी टोल विकास संस्थादेखि सोलिड्यारिटी बोर्डिङ स्कूल सडक हुँदै बाइपाससँग जोडिएको पूर्वपश्चिम सडकखण्डका क्षेत्रहरुमा सरसफाई गरिएको हो ।

हेटौंडा–१० का वडाध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्यमा सरसफाई कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा वडाध्यक्ष लामाले युवाहरु सामाजिक कार्यमा लागेको भन्दै प्रशंसा गर्नुभयो । देश विकासको हतियार युवाहरु भएकाले समाज परिवर्तनमा निरन्तरता दिन आग्रह गर्नुभयो । १० नम्बर वडाले सरसफाईसम्बन्धी कार्यक्रम तथा योजनाहरु पारित गरेको बताउनुहुँदै उक्त अभियानमा सहजीकरण गर्ने प्रतिबद्वता जनाउनुभयो ।

## भदौमा १० जनाको उद्दार

समाज संवाददाता

हेटौंडाः हेटौंडा–९, मयूरधापस्थित मानवसेवा आश्रमले भदौ महिनामा १० जनाको उद्दार गरेको छ । रात्रिकालीन सडक मानव सेवा कार्यक्रमअन्तर्गत् सडकमै जीवनयापन गरिरहेका सहयोगापेक्षी मानवको उद्दार गरिएको हो ।

भदौको १७ गतेसम्म उद्दार गरिएका मध्ये ७ जना महिला र ३ जना पुरुष रहेको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो । सोही अवधिमा ८ जनालाई परिवारमा पुनर्मिलन गरिएको उहाँले जानकारी दिनुभयो । ३ जना महिला, ४ जना पुरुष र एक जना बालकको पारिवारिक पुनर्मिलन गरिएको हो ।

सडकमा बेवारिसे अवस्थामा उद्दार गरिएका व्यक्तिहरुको परिवार पत्ता लागेपछि पारिवारिक पुनर्मिलन गर्ने गरिएको छ । आश्रमले छिमेकी देश भारतसम्मका व्यक्तिहरुको पारिवारिक पुनर्मिलन गर्दै आइरहेको जनाएको छ ।

## कांग्रेस प्रदेश संसदीय दलका प्रमुख सचेतकको राजीनामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा सदस्य कुन्दनराज काफ्लेले नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको प्रमुख सचेतक पदबाट राजीनामा दिनुभएको छ । मंगलबार बागमती प्रदेशका नेपाली कांग्रेसका संसदीय दलका नेता बहादुरसिंह लामालाई काफ्लेले राजीनामा बुझाउनुभएको हो ।

काफ्ले दोलाखा निर्वाचन क्षेत्र नम्बर-१ बाट निर्वाचित प्रदेशसभा सदस्य हुनुहुन्छ । आफूले प्रमुख सचेतकको भूमिका निर्वाह गर्दा, आफू निर्वाचित क्षेत्र दोलखाका जनसेवामा समय दिन नसकेकाले दोलखाको जनताको सेवाका लागि राजीनामा दिएको बताउनुभयो ।

केन्द्रीय सदस्यको रुपमा कांग्रेसमा



नवीन ऊर्जा भर्न थप क्रियाशील रहन र दोलखाली जनताको सेवामा थप समर्पित हुन सो पदबाट राजीनामा दिएको उहाँको भनाइ छ ।

**संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा उपमहानगरपालिका-५, पिप्ले, मकवानपुर
२२ औं (२०५८-२०८०)
**२२ औं वार्षिक साधारण सभासम्वन्धी सूचना !**

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

यस संस्थाको २२ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने ब्यहोराको सूचना सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रमार्फत् पाठाई सकिएको छ, यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर सभामा अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभा हुने :**
**मिति** : २०८० असोज १३ गते शनिवार, **समय** : बिहान ९:०० बजे ।, **स्थान** : बालकुमारी पार्टी प्यालेस हेटौंडा ५, पिप्ले
(**नोट** : यो वर्ष अधिवेशन वर्ष पनि भएकोले यसै सूचना मार्फत जानकारी गराईन्छ ।)

**निर्वाचन कार्यक्रम**

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०८०/०५/१८ | कार्यालय समय | मतदाता नामावली प्रकाशन |
| २०८०/०५/१९ देखि २२ गते | १०:००-५:०० बजेसम्म | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| २०८०/०५/२६ | १०:००-५:०० बजेसम्म | अन्तिम नामावली प्रकाशन |
| २०८०/०५/२७ | १०:००-५:०० बजेसम्म | उम्मेदवारी दर्ता |
| २०८०/०५/२७ | ५:००-६:०० बजेसम्म | उम्मेदवारको नामावली प्रकाशन |
| २०८०/०६/०१ गतेसम्म | १०:००-५:०० बजेसम्म | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| २०८०/०६/०५ | १०:००-१:०० सम्म बजेसम्म | दावी विरोध उपर छानविन र उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| २०८०/०६/१३ | १२ बजे - ५ बजेसम्म | मतदान कार्यक्रम |
| २०८०/०६/१३ | मतदान सकिएको १ घन्टा पछिबाट | मतगणना |
| २०८०/०६/१३ | मतगणना पछि | निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण |

कार्यक्रम समापन

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**श्री निर्मल माध्यमिक विद्यालय**
हेटौंडा-१९, बस्तिपुर
सीप हुन्छ हातमा, रोजगारी साथमा
**भर्ना खुल्यो। भर्ना खुल्यो।। भर्ना खुल्यो।।।**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को आँगिक यस विद्यालयमा प्रि डिप्लोमा तह इलेक्ट्रिकल इन्जिनियरीङ २४ महिने औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा भर्ना खुल्यो ।
निवेदन दिने अन्तिम मिति: २०८० असोज २ गते
प्रवेश परीक्षा मिति: २०८० असोज ६ गते
समय: विहान ११:00 बजे
आवेदन फाराम पाईने स्थान: विद्यालय प्रशासन शाखा
निशुल्क अध्ययनको अवसर
**न्यूनतम शैक्षिक योग्यता:**
SEE मा कम्तिमा E ग्रेड ल्याई उतिर्ण
औद्योगिक प्रशिक्षार्थीए तालीम कोटा: ४0 जना
**कार्यक्रमका विशेषताहरू:**
- निःशुल्क अध्ययन।
- रोजगारीको सुनिश्चितता ।
- दक्ष एवम् अनुभवी प्रशिक्षक।
- औद्योगिक क्षेत्रमा कार्यगत सिकाई ।
- अत्याधुनिक प्रयोगशालाको व्यवस्था।
- खाजा तथा यातायात खर्च स्वरूप प्रशिक्षार्थीहरूले प्रति हाजिरी दिन रू.१00/- पाउने ।



सीट सिमित रहेकोले समयमै आवेदन दिनुहुन जानकारी गराईन्छ ।
थप जानकारीको लागी
सम्पर्क:९८५५0३0८८७,९८५५0६७७९९, ९८४५0७१७८८,९८४५0७१६५८




**श्री जनजागृति माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**
हेटौंडा उपमहानगरपालिका, वडा नं.-१५, रातोमाटे, मक्वानपुर
अटोमोवाइल ईन्जिनियरिङ्ग बिषयमा प्रि–डिप्लोमा तह औधोगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) मा निःशुल्क प्रशिक्षणका लागि
**सुनौलो अवसर । सुनौलो अवसर ।। सुनौलो अवसर ।।।**
प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट संचालित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाबाट निःशुल्क संचालन गरिने प्रि–डिप्लोमा तहको २४ महिने अवधिको अप्रेन्टिशीप (औधोगिक प्रशिक्षार्थी तालिम) कार्यक्रममा शैक्षिक सत्र २०८०/०८१ को भर्नाका लागि अवसर खुलेको हुनाले १६ बर्ष पुगेका र SEE वा सो सरहको योग्यता पुगेका व्यक्तिले आवेदन दिन सक्नेछन् । यस तालिम कार्यक्रममा तालिममा सहभागीहरूलाई खाजा उपलब्ध गराइनेछ ।

औधोगिक प्रशिक्षार्थी (Apprenticeship) तालिम किन ?
१. प्रशिक्षार्थीले शिक्षालय र औधोगिक प्रतिष्ठान दुबै स्थानमा सीप सिक्ने अवसर पाइने ।
२. पेसासँग सम्बन्धित दक्ष व्यक्तिसँगै रहेर काम गर्न पाइने ।
३. तालिमको अबधिमा नै आय आर्जन हुने र तालिम पश्चात रोजगारी सुनिश्चित हुने ।
४. सफलतापूर्वक तालिम सम्पन्न गरेपछि प्रि–डिप्लोमाको प्रमाणपत्र पाइने ।

आवेदन काहाँ र कसरी दिने ?
१. विद्यालय प्रशासनमा सम्पर्क गरी आवेदन फारम भर्ने ।
२. फारम भर्ने मिति २०८०। ०५। १३ गतेदेखि २०८०। ०६। ०२ गतेसम्म ।
३. रीतपूर्वक भरिएको फारम विद्यालयमा बुझाउने ।

फारम भर्न चाहीने कागजातहरू:-
१. SLC/SEE को प्रमाणपत्रहरू र मार्कसिटको प्रतिलिपि ।
२. जन्मदर्ता तथा नागरिकताको प्रतिलिपि ।
३. पासपोर्ट साइजको रंगिन फोटो २ प्रति ।



सम्पर्क नम्बरहरू:
९८४५०३०८७६ (प्राचार्य), ९८४१२०८९१९ (वि.व्य.स. अध्यक्ष), ९८६५२१००१६ (तालिम सयोजक), ९८४५२९७६२६ (कार्यक्रम सयोजक), ९८४५४६३११० (सूचना अधिकारी) ९८४६६९५७३१ (प्रशिक्षक), ०५७(४१२६१९ (विद्यालय)

## सम्पादकीय

# शिथिल बन्दै प्रदेश संरचना

मलुकको संघीयताको प्रमुख पाटो मानिएको प्रदेश संरचना औचित्यहीन बन्ने खतरा बढ्दै गएको छ । संघीयताको एक महत्वपूर्ण अंगको रुपमा रहेको प्रदेशसभा तथा प्रदेश सरकार सुस्त, शिथिल र निष्प्रभावी बन्दै जाँदा यसको आवश्यकतामाथि प्रश्न उठ्न थालेको हो । हाम्रो शासन व्यवस्थामा नयाँ प्रयोगको रुपमा रहेको प्रदेश व्यवस्थापिकाको क्रियाकलाप सहज बनिरहेको छैन । केन्द्रीय राजनीतिको दुष्प्रभाव प्रदेश तहमा पनि पर्दै गएका कारण प्रदेशसभामा विविध व्यवधान आइरहेको छ । पहिलो ५ वर्षे कार्यकाल पूरा गरेर दोस्रो कार्यकालको पनि करिब एक वर्ष गुजारी सकेको प्रदेशसभा र प्रदेश सरकारको गठन एवम् सञ्चालनमा धेरै उतारचढाव देखिन थालेको छ । दोस्रो कार्यकालको एक वर्ष नहुँदै आधाभन्दा बढी प्रदेशको सरकार परिवर्तन भइसकेको छ । सबैजसो प्रदेशमा मन्त्रिमण्डल बारम्बार पुनर्गठन र विस्तार हुने क्रम तिब्र बनिरहेको छ । कोशी प्रदेश सरकारको हविगतले प्रदेश संरचना नै अभिषाप बन्ने हो कि भन्ने आशंका बढाउँदै लगेको छ ।

करिब दुई महिनापछि डाकिएको बागमती प्रदेशसभा बैठक बस्नै सकेन । गत असार २१ गते बसेर स्थगित भएको प्रदेशसभा बैठक सोमबारका लागि आह्वान गरिएको भए पनि प्रतिपक्ष दलको अडानका कारण बैठक बस्न नसकेको हो । प्रदेश सरकारले गत असारमा ल्याएको बजेटप्रति प्रतिपक्षी दल नेकपा एमालले असन्तुष्टि जनाउँदै बारम्बार प्रदेशसभा बैठक अवरुद्ध गर्दै आएपछि सत्तारुढ दल र प्रतिपक्षी दलबीच बजेट संशोधन गर्ने सहमति बनेको थियो । सोही सहमतिबमोजिम प्रतिपक्षीको योजनालाई दिने भनिएको ४५ करोड रुपैयाँ बजेट तत्काल निकासा गर्नुपर्ने एमालेले अडान राखेपछि बैठक बस्न नसकेको हो । पहिलो त्रैमासिकपछि रकमान्तर गरेर प्रतिपक्षीको योजनालाई बजेट दिने सत्तापक्षले बताए पनि प्रतिपक्षी दलले तत्काल बजेट विनियोजन हुनुपर्ने अडान राख्दै आएको छ । सत्तापक्षले प्रतिपक्षी दल एमालेका कारण प्रदेशसभा बैठक बस्न नसकेको बताएको छ भने एमालेले सत्तापक्षको क्रियाकलापलाई दोष दिँदै आएको छ । प्रदेशसभा बैठक स्थगित भएको २ महिनासम्म प्रदेश सरकार सुतेर बसेको र जनताको हितमा काम गर्न नसकेको आरोप प्रतिपक्षी एमालेले लगाएको छ । विगतमा भएको सम्झौता कार्यान्वयन गरेमा एमालेले प्रदेशसभा बैठकमा अवरोध नगर्ने बताएको छ ।

संसदीय शासन व्यवस्थामा सत्तापक्ष र प्रतिपक्ष हुने भए पनि उनीहरु जनताप्रति उत्तरदायी हुनुपर्छ । सत्तापक्षमा हुनसक्ने स्वेच्छाचारितालाई नियन्त्रण गर्न प्रतिपक्षी दलको भूमिका महत्वपूर्ण मानिन्छ । यसका लागि प्रतिपक्षी दलले सत्तापक्ष वा सरकारको राम्रो कामको समर्थन र गलत कामको खबरदारी गर्नुपर्छ । तर, हामीकहाँ सत्तापक्षको हरेक कामको विरोध गर्नुलाई नै प्रतिपक्षी दलले आफ्नो धर्म मान्ने गरेका छन् । आफ्नो दलीय र व्यक्तिगत स्वार्थ पूरा गर्न सदन अवरुद्ध गर्ने, सरकारलाई कमजोर बनाउन खोज्ने, सरकारसँग वार्गेनिङ गर्ने परिपाटीले व्यापकता पाउँदै गएको छ । पछिल्लो निर्वाचनबाट कुनै पनि दलले स्पष्ट बहुमत हासिल गर्न नसकेका कारण संघीय तथा सबै प्रदेशमा गठबन्धन दलहरुको सरकार छ । एकभन्दा बढी दलहरु मिलेर सरकार गठन गरेकाले सरकारको नेतृत्व गर्नेलाई सत्तारुढ दलहरुबीच नै भागबण्डा मिलाउन सकस परिरहेको अवस्थामा प्रतिपक्षीले पनि आफ्नो भाग खोज्ने गर्दा सुन्दर भनिएको संसदीय शासन व्यवस्था नै कुरुप बन्दै गएको छ ।

करिब ६ वर्षसम्म पनि सातवटै प्रदेशसभाले प्रदेश संरचना सञ्चालनका लागि आवश्यक सबै ऐन बनाउन सकेका छैनन् । बनाएका अधिकांश ऐनहरु पटक-पटक संशोधन भइरहेका छन् । संघीय शासन व्यवस्था र प्रदेशको संरचना नयाँ हुँदा सुरुवातमा केही अन्यौलता र अलमल स्वभाविक भए पनि यति लामो समयसम्म पनि प्रदेशका हरेक संरचना शिथिल, सुस्त र निष्प्रभावी बनिरहनुले राम्रो संकेत गर्दैन । प्रदेशको बजेटको अत्यन्त न्यूनमात्रै आन्तरिक आम्दानी हुनुले प्रदेश संरचना मुलुकका लागि बोझ बनिरहेको छ । राजनीतिक दलहरुलाई नेता व्यवस्थापन गर्ने स्थानको रुपमा मात्रै प्रदेश संरचना रहनु मुलुक र जनताको लागि हितकर हुँदैन । संघीयताको मर्म र भावनाअनुरुप प्रदेशका सबै संरचनालाई द्रूत गति दिनु आवश्यक छ । शिथिल बनेको प्रदेश संरचनाहरुलाई प्रभावकारी बनाएर यसको औचित्य पुष्टि गर्न नसक्ने हो भने यो लामो समय टिक्न सक्दैन र टिकाउनु पनि उचित हुँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



**पं. ज्योतिषः तोयानाथ सुवेदी**
**ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष** : रोजगारीका क्षेत्रमा कठिन परिश्रम गर्नुपर्ला ।
**वृष** : नसा सम्बन्धी समस्या योगले सताउने छ ।
**मिथुन** : स्वास्थ्य समस्या योग बन्ने समय देखिन्छ ।
**कर्कट** : चोटपटकको भय र साँझेदारी कामबाट हानी ।
**सिंह** : काममा आलस्यता बढ्ने समय योग रहेको छ ।
**कन्या** : दाम्पत्य जीवनमा उतारचढाप आउने समय छ ।
**तुला** : स्वास्थ्य क्षेत्रमा सुधार आउने योग छ ।
**वृश्चिक** : शैक्षिक क्षेत्रका काममा नैराश्यता बढ्ला ।
**धनु** : न्यायिक क्षेत्रमा सफलता प्राप्त हुने समय योग छ ।
**मकर** : दुर्घटना योग रहेकाले सावधानी अपनाउनु पर्ला ।
**कुम्भ** : व्यापार-व्यवसाय मध्यमकारक रहने समय योग छ ।
**मीन** : कामकाजमा बाधा व्यवधान आउने योग छ ।

# श्रीकृष्ण प्राकल्य महोत्सव २०८० एवम् श्री कृष्ण जन्माष्टमी पर्व

*पूर्वजन्ममा 'सुतपा र पृथ्वीलाई "वरदान" दिएको र कशंको अत्याचारको मेटाउन, आउने भविष्यवाणी अनुसार आउनुभयो । भगवानले आफ्ना पिता वासुदेवलाई भन्नुभयो हे पिताजी ! अब अरु कुरा छोड्नुहोस् र अगाडि कुरा सुन्नुहोस् ।*



**घनश्याम ढकाल**



*सच्चिदानन्दरुपाय विश्वोत्पत्यादि हेतवे ।*
*तापत्रय विनाशाय श्रीकृष्णाय क्य नुमः ।।*

श्री अक्षरातीत दिव्यपरमधामवार अवतीर्ण ब्रह्मवासना गोपीहरूमा धामधनी मिलनको आशा अत्यन्त बढेर गएको थियो । उनीहरुको एक मात्र आन्तरिक इच्छा आकांक्षा प्रेमपूर्ण दृष्टि आत्माका धनी श्री राजश्यामा अक्षरातीत परमात्मामा रह्यो । यता संसारमा र सृष्टिमा के कस्ता घटनाहरू हुँदै थियो भन्ने कुरालाई बुझौं । चतुर्मुखी ब्रह्माको १०० वर्षको आयुमा आधा ५० वर्ष पूरा गरी ५१औं वर्षमा प्रवेश गरी सक्नुभएको छ। एकाउन्न वर्षको पहिलो दिन अथवा पहिलो कल्पका चौध मनुहरु मध्ये ६ मनुले आफ्नो कार्यकाल पूरा गरिसक्नु भएको छ। वर्तमान सातमा वैवस्वत मनुको पालो समय चलिरहेको छ। सातमा मनुले आफ्नो ७१ चतुर्युगको पालोमा २७ चतुर्युग पूरा गरी २८औं चतुर्युग भोग्दै हुनुहुन्छ। वर्तमानमा द्वापरयुग चलिरहेको छ ।

यस समयमा भारतवर्षको मथुरा क्षेत्रमा "भोजवंशीय" राजा उग्रसेन राज्य गर्दथे। राजा उदोसेन अत्यन्त प्रजावस्सल, न्यायप्रेमी र धार्मिक राजा थिए । तर उनको छोरो "कंश युवराजधिराज" "अत्यन्त क्रूर अत्याचारी राक्षसी स्वभावका थिए । त्यस समयमा कंशले आफ्नो पितालाई जेलमा हालिदियो । आफैं महाराजधिराज भई राजसिंहासनमा बस्यो। आफ्नो राक्षसी शक्तिले गर्दा उसले सबै पृथ्वीमा विजय प्राप्त गरी स्वर्ग पनि विजय गऱ्यो। अब अत्याचार राजा कंशको अति अत्याचारले पृथ्वी माता डरले काम्न थाली त्रहीमाम भईन् । आफ्नो सुरक्षाका लागि पृथ्वीमाता त्रिदेवाको सामुने पुगिन् र भन्न लागिन् पृथ्वीको रक्षा गर्नु पऱ्यो । तर अत्याचारी कंशको अत्याचारबार पृथ्वीमाताको रक्षा गर्ने शक्ति त्रिदेवताको नभएको हुँदा उहाँहरूको संयुक्त अभियानमा पृथ्वीसहित त्रिदेशहरू गोलोकाधीश भगवान श्रीकृष्णको सामिप्य गई पृथ्वीमातालाई "केश" को अत्याचारबाट मुक्त गराउन अर्जी प्रार्थना गर्नुहुन्छ। उहाँहरूको प्रार्थना स्वीकार गर्दै भगवान गोलोकाधीश श्री कृष्णले भगवान बैकुण्ठधारी विष्णुलाई आफ्नो सवारी संसारमा हुँदा व्यवस्था मिलाउने चाँजो तथा कामको जिम्मेवारी दिएर पठाउनु हुन्छ ।

गोलोकाधीश भगवानको आज्ञालाई रमा वैकुण्ठाधीश भगवान विष्णुले स्वीकार गर्नु हुन्छ। जगत्मा आएर गोलोकाधीश भगवानको काम कार्य अगाडि बढाउन तथा कार्य गराउन भगवान विष्णुले कार्य प्रारम्भ गर्नु हुन्छ । भगवान विष्णुको प्रेरणाले राजकुमार वासुदेवसँग कशंले आफ्नो वहिनीको शुभ विवाह वडो धूमधामसँग गरी दिन्छन् । बहिनी-ज्वाईलाई केशले आफ्नै रथमा राखी रथ हाँकेर लिएर जान्छन्। बाटोमा आकाशवाणी हुन्छ की "हे कंश ! तँ जसलाई यति प्रेमगरी थर पुऱ्याउन गइरहेको छस् । त्यसकै "आठमा गर्भ" बाट जन्मेको बालकबाट तेरो विनास हुने छ हा हा हा हा हा । यस्तो भयङ्कर आवाज सुनेर कंश तुरुन्त बहिनी देवकीको घिच्रो छिनाउन तरबारलाई तयार हुन्छ । यस बखत ज्वाई साहेब सत्वादी वसुदेवले प्रार्थना गरी अत्याचारी कंशको हातबाट आफ्नी पत्नि देवकीको ज्यान जोगाउनु हुन्छ। कंशले बैनी ज्वाई दुवैलाई आफ्नो जेलमा राख्ने जति सन्तान जन्मिन्छन् ति सबैलाई मार्ने निर्णय गरी दुवै देवकी र वासुदेवलाई वडा सुरक्षाका साथ जेलखाना बन्द गरिदियो ।

अब देवकीबाट जन्मेका सन्तान कंशले मार्न लाग्यो। क्रमशः देवकीका छ वटा छोराहरू त्यस अत्याचारीले माऱ्यो। सातमा गर्भको बालकलाई भगवान विष्णुको आज्ञा अनुसार योगमायाले आकर्षण गरी वसुदेवकी अर्को पत्नि रोहिणीको गर्भमा स्थापना गरिदिन र रोहिणीको गर्भबाट "बलराम" नामबाट त्यो शक्तिले जन्म लियो। यस्तो प्रकारले धेरै समयदेखि वासुदेव देवकी अत्यचारी कंशका बन्धनमा थिए । अब देवकीको आठम गर्भमा कुण्ठाधीश विष्णु भगवानले प्रवेश गर्नु हुन्छ। समयावधि महिना पूरा भएपछि भगवान विष्णु चतुर्भुजी प्रकट हुनुहुन्छ अर्थात् कारागारमा जन्मिनु हुन्छ ।

*निशीथे तमद्भूते जायमाने जनार्दन । देवक्यां देवरूपिण्यां विष्णुः सर्वगुहाशय ।।*

भदौ महिनाको कृष्णपक्ष अष्टमीको अन्धकारमय रात्रीमा देवीरूपी देवकीको गर्वबाट "जनार्द्धन भगवान" पूर्व दिशाबाट १६ कला सहितको चन्द्रमा उदाए भै उदाएर जन्मनु भयो ।

*सुरत विष्णुकी चत्रभुज जोए, दियो दरसन वसुदेवको सोए ।*
*पीछे फिरे कही के हकीकत, अन दोए भुजा की कहूँ विगत ज्ञज्ञ,*
*"श्री तारतम सागर"*

देवकीको गर्भबाट जन्मेका भगवान विष्णुले चतुर्भुजमा, शंख-चक्र गदा, पद्म धारण गरी ७-८ वर्षको उमेरको बालक जत्रो शरीर लिएर वासुदेव देवकीलाई दर्शन दिनुभयो। यस बखत मातापिता र पुत्रमा निकै लामो वार्तालाप (कुराकानी) भयो । जस्तैः- पूर्वजन्ममा 'सुतपा र पृथ्वीलाई "वरदान" दिएको र कशंको अत्याचारको मेटाउन, आउने भविष्यवाणी अनुसार आउनुभयो । भगवानले आफ्ना पिता वासुदेवलाई भन्नुभयो हे पिताजी ! अब अरु कुरा छोड्नुहोस् र अगाडि कुरा सुन्नुहोस् ।

हे पिताजी ! अब केही क्षणमै यहाँ तपाईहरुको सामने मेरा मालिक गोलोकाधीश भगवान "श्रीकृष्ण" आकाशी मार्गबाट तपाई सामने "सत्तजातः" भर्खरै मात्र जन्मिएको जस्तो रूपमा द्वीभुजी बालक यहाँ प्रकट हुनेछन्। ती बालकलाई गोकुलमा नन्दजीको घरमा पुऱ्याउने छौं र माता यशोदाको पलंगमा राख्ने छौं। अनि माता यशोदाको कोखबाट भर्खरै जन्म धारण गरेकी कन्या मेरी योगमायालाई लिएर यसै आसनमा आउनु होला । भने अनुसार उहाँले काम कार्य पूरा गरी कंश कारागारमा आउनुभयो। हे भक्तवृन्द ! भगवान विष्णुले आफ्नो पुरानो वरदान र गोलोकाधीशको सवारीको व्यवस्थापनको केही भागको आफ्नो काम गरी पहिलो चरण पुरागरी आफ्नो धाममा वा देशमा फर्किनु भयो ।

हे भक्तवृन्द ! अब दोभुजी स्वरूप आउने कारण लेख्दछु सो कुरा पढ्नुहोस् सुन्नुहोस् । एक कारण कंशको उद्दारका लागि गोलोकाधीय श्रीकृष्णले आउनुपर्ने थियो ।

दोस्रो: दिव्यपरमधामका ब्रहम आत्माहरू जो "गोपी" भएर बज्रमण्डलमा अवतरित भइसकेका छन् । उनीहरूको चाहना पूरा गरी दिनुपर्ने भएकोले परव्रहम परमात्माले यस धराधाममा "अवतरित" हुनुपर्ने साथै अक्षरब्रहमको परमधामको प्रेमलीला हेर्ने इच्छा पनि श्री राज्जीले यिनै मायावी ब्रहमाण्डमा नै पूरा गरी दिनुपर्ने हुँदा श्रीराज्जीमहाराजलाई पनि यस संसारमा अउनु पऱ्यो ।

गोलोकाधीशले कंशको उद्दार गर्नुपर्ने हुँदा कंशको जेल मै अवतीर्ण हुनुहुन्छ । गोकुलमा अवतीर्ण भएका गोपीहरूको इच्छा पूरा गर्न पूर्णब्रहन श्री अक्षरातीतलाई गोकुललाई नै रोज्नु पऱ्यो । हे आत्मीय वन्धु हेभक्तवृन्द ! यसकारण गोलोकी कृष्ण द्वीभुजी नीलकमल जस्तो सुन्दर रूपमा केशको जेलमा वसुदेव देवकीलाई प्रकाशपुञ्जले चकित पार्दै आकाशी मार्गबाट आई माता देवकीको काखमा प्राप्त हुन्छ। यसरी आकाशीमार्गबाट आएपछि वासुदेवलाई भगवान विष्णुको याद आउँछ। उहाँ बालक उठाउन चाहँदा नै हतकडीका कडीहरू आफैं छुट्छन्। पाले-पहराहरु मस्त निद्रामा पर्दछन्। ढोकाहरू आफैं खुल्दछन् । वासुदेव बालक लिएर गोकुलतिर जानुहुन्छ । आकाशी विद्युतले बाटो देखाउँछ। भगवान शेषशायी छाता बनिदिनु हुन्छ। वासुदेव सजिलोसँग तुरुन्तै गोकुल नन्दजीको घरको अगाडि पुग्नुहुन्छ ।

अक्षर भगवानको मूल सुर्ता जुन सूर्ताले दिष्प परमधामको प्रेमानन्द लिला हेर्न चाहेको थियौ त्यो "सुरत" अक्षरातीत पूर्ण ब्रह्म परमात्माको "आवेश", शक्तिले मुक्त भएर ठीक राती १२ बजेको समयमा वासुदेवजीले नन्दजीको घरको मूलढोकाबाट "गोलोकी बालक" लाई लिएर भित्र प्रवेश गर्न हुन्छ । मथुराको जेलमा अवतरित भएको बालक गोलोकी हुनुहुन्छ त्यति नै बेला त्यो "सुरत" गोलोकी बालकमा प्रवेश हुन्छ । मथुराबाट गोकुल आउँदासम्म गोलोकी नै थिए। नन्द घरमा प्रवेश गर्दा पूर्ण ब्रहम परमात्मा अक्षरातीत धामघनी श्रीराज्जीको आवेशयुक्त पूर्ण-वृहत भएर प्रवेश गर्नु हुन्छ ।

गोकुलमा नन्दजीको घरमा माता यशोदाजीको कोखवाट जन्म धारण गरेकी कन्या योगमायालाई लिएर कंश कारागारमा आउनुहुन्छ । सबै पाले पहराहरू बिउँझिन्छन्, वासुदेवजीलाई हत्कडी आफैं लाग्दछ । उहाँ पुनः जेल पर्नु हुन्छ। यता कंश महाराजलाई समाचार पुग्दछ की देवकीको आठौं गर्भबाट बालिकाको जन्म भयो । अनी कंश आई बालिकाको वध गर्न लाग्दा सो बालिका योगमायाको शक्ति भएको हुँदा आकाशमा पुगी हे कंश मलाई के मार्न खोज्छस् तेरो काल गोकुलमा गइसक्यो भनी सबैको योगमाया शक्तिले बताएपछि कंश चिन्तामा पर्दछन्। यस बखत कंशको बहिनी पुतना आउँन्छिन् र भन्छिन् दाजु त्यो बालकलाई मेरो स्तनमा विष दलेर स्तनपान गराई मारेर आउँछु भनी बहिनी पुतना स्तनपान गराउन गोकुल गई स्तनपान श्रीकृष्णलाई गराउँदा पुतनाको प्राण अन्त्य हुन्छ ।

*आज बधाई बज घर-घर प्रकटे श्री बन्दकुमार । "ब्रहमवाणी"*

यसरी अवतीर्ण भएका पूर्णब्रह्मको प्राकटप महोत्सव गोकुल नन्द घरमा बढी धूमधामसँग मनाइन्छ ।

पूर्णब्रह्म परमात्माले "नन्दपुत्र" श्री कृष्ण रूपमा ११ वर्ष ५२ दिनसम्म गोकुलमा रहेर विविध लीलाहरु गर्नुभयो । जस्तैः- पुतनावध, संकटासुर, त्रिणावर्त, अधासुर, वकासुर आदी असुर उद्दार गर्नुभयो । माखन चोरी लीला, दाणलीला र समय एवम् मौकाअनुसार यौवन लीलाहरू गरी भगवान अक्षरको बाललीला, परम धामका ब्रह्मात्मा ब्रह्मसृष्टि गोपीहरू देखाई आनन्दित गराउनु भयो । जसमा वस्त्र हरण, बाच्छा हरण, गोवर्धन धारण, कालीमदयन, मोतीको खेती आदी लीलाहरू प्रख्यात छन् । यस समयमा व्रजवासी गोप गोपीएसले जुन सुख, सन्तोष र आनन्द प्राप्त गरे, त्यो लीला अवर्णनीय छ। अब हेर्नुहोस संगत कुमार संहितामा यस प्रकार वर्णन गरिएको

*साक्षत कृष्ण ब्रजे नित्यं शंशे नैव विहारिणः ।*
*तस्यां सोहि माथुरायां वासुदेवो जगतगुरु ॥*
*कंश जंघाना वासुदेव श्रीकृष्ण जन्दसुर्नतु ।*
*द्वारिकायां तर्दशोस्ति विष्णुविय यत्प्रभु ॥*
(सनतकुमार संहिता)

साक्षात अक्षरातील श्रीकृष्णको जोस चौद्रि व्रजमा थियो । त्यस बालकमा धेरै ठाउँको शक्ति थियो । तर अक्षरातीतको शक्ति ११ वर्षसम्म गोप्य रहेको कुरा भागवतमा छ। गोलोकी कृष्णको शक्ति, मथुरा गएको थियो । कंशको बध गर्ने गोलोकी वासुदेव शक्ति हुन् । नन्दपुत्र भएकोले गर्दा कंशको बध गरेको होइन । द्वारिकामा लीला गर्ने चाहि वैकुण्ठवासी श्री विष्णु हुनुहुन्छ। यहाँसम्म गोलोकीको पनि शक्ति रहेको थियो । कंशको वध भइसकेपछि राधाको शक्ति र गोलोकी कृष्णको शक्ति गोलोक फिर्ता भयो भनी सनत कुमार संहितामा विस्तार भएको पाईन्छ ।

आदरणीय भक्तजन आऔं हातमा हात र काँधमा काँध मिलाएर स्वसिद्धान्त दिगन्त प्रसारित गरौं। फूटेर होइन जुटेर अनेकतामा होइन एकतामा रहेर श्रीमन्न निजानन्द संप्रदाय श्रीकृष्ण प्रणामी धर्मको "स्वलीलाद्वैत" सिद्धान्तद्वारा सम्पूर्ण जनमानसको भावना समेटेर सबैमा मैत्रीभाव, सद्भाव राख्दै महामति श्री प्राणनाथज्यूको आकाश भन्दा फराकिलो, समुन्द्र भन्दा गहिरो विश्वबन्धुत्वको भव्य भावनालाई आत्मासात गरौं, साक्षात्कार पारौ भन्ने शुभावाना प्रकट गर्दै श्रीकृष्ण प्राकट्य महोत्सव २०७४ को पावन अवसरमा सबै विश्वका मानवहरुलाई हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु। प्रणाम

*हेटौंडा-१६, हटिया*

# विद्यार्थी परिचय

अञ्जली कुमारी केशरी, हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको कक्षा १० मा पढ्ने विद्यार्थी हुनुहुन्छ। कक्षा ७ देखि आधुनिक राष्ट्रिय माविमा अध्ययन गर्न थालेकी अञ्जलीले धेरै नयाँ कुराहरु सिकेको बताउनुहुन्छ। पढाईसँगै अतिरिक्त क्रियाकलापहरुमा पनि रुचि राख्ने अञ्जली वक्तृत्वकला प्रतियोगितामा पनि उत्तिकै चासो दिने गरेको बताउनुहुन्छ। विद्यालयमा हुने गरेको प्रतियोगिताहरुमा सहभागी हुने र पुरस्कार जित्ने गर्नुभएको छ। घरकी जेठी छोरी भएको नाताले आफ्नो भाइबहिनीहरुलाई पढाउने जिम्मेवारी पनि छ अञ्जलीको।

बुबा व्यापार गर्नुहुन्छ भने आमा घरकै काममा व्यस्त हुनुहुन्छ। बारा जिल्लाको कलैयाकी अञ्जलीको हजुरबुबा र हजुरआमा पनि हुनुहुन्छ। बुबाआमा हेटौँडा आएर बस्नुभएको १५ वर्ष भैसकेको छ। आफु पहिले बारा बसेको र पढाइकै लागि हेटौँडा आएको अञ्जली बताउनुहुन्छ। कलैयास्थित घर नजिकै पढ्नका लागि राम्रो विद्यालय नभएको, राम्रो विद्यालय घरदेखि टाढा भएकोले भाइबहिनीसहित राम्रो पढाइकै लागि अञ्जलीको परिवार हेटौँडा आएको हो।

तराईबाट नजिक र शिक्षाका लागि उत्तम स्थान हेटौँडा भएको अन्जलीको भनाई छ। तराइको पनि गाउँमा अन्जलीको घर छ। अञ्जली मध्यम वर्गको परिवारकी छोरी हुनुहुन्छ। आफु भविष्यमा



*अञ्जली कुमारी केशरी*

मेडिकल विषय पढेर देशमा केहि गर्नुपर्छ भन्ने सोच राखेको बताउनुहुन्छ। अहिले धेरै दादादिदीहरु विदेश गएको देखेर नेपालमा बसी यही काम गर्ने र भविष्य बनाउने सोचमा हुनुहुन्छ। हाल आधुनिक राष्ट्रिय माविमा धेरै तराईका विद्यार्थीहरु अध्ययनरत् छन्। यसरी तराईबाट हेटौँडा अएर पढिरहेका विद्यार्थीहरु नेपालमा बसेर केही गर्नुपर्छ भन्छन् तर पहाडका विद्यार्थी विदेश जाने क्रम बढेको छ। अञ्जलीको सोच आफ्नो देशका लागि राम्रो काम गर्ने र असल नागरिक बन्ने रहेको छ।

लागुपदार्थका विषयमा र शिक्षाको विषयमा वक्तृत्वकलामा प्रस्तुती दिन खुब रुचाउने अञ्जली नाचगानमा र प्रकृतिमा मनोरञ्जन लिने गर्नुहुन्छ। विद्युतीय उपकरणमा रम्ने अहिलेको समयमा अञ्जलीलाई रुचि छैन। पढाई र घर परिवारसँग रमाउने अनि समाजमा घुलमिल हुने स्वभावले अञ्जली सन्तुष्ट हुनुहुन्छ। सानो बेलादेखि नै विद्यालयमा बोल्ने बानिको विकास भएको हो।

"पढाईले चौतर्फी विकास हुनु पर्छ। शिक्षकहरु पनि मिलनसार हुनुपर्छ। विद्यालयले गराउने क्रियाकलापहरुमा सहभागी हुनपर्छ" अञ्जली भन्नुहुन्छ, "सँगै आफ्ना साथीहरुसँग मिलेर पढ्ने गरेकी छु। पढ्दा रुटिन बनाउने र सोहीअनुसार पढ्ने गर्दा बुझ्न सकिन्छ स्मरण गर्न सजिलो हुन्छ।" बिहान ५ बजे उठेर नित्यकर्म सकेर विद्यालय जाने समयसम्म पढ्ने अञ्जली बेलुका घर आएपछि ११ बजेसम्म पढ्ने गर्नुहुन्छ। यो वर्ष एसइइ दिनुपर्ने भएकोले अञ्जलीले धेरै मिहिनेत गरिरहनुभएको छ। लगातार पढ्दा याद नहुने भएकोले २५-२५ मिनेटमा आराम गर्ने गरेको उहाँको भनाइ छ।

अञ्जलीले २५ मिनेटको पढाईपछि मनपर्ने संगीत सुन्ने, बाहिर हावा खान निस्कने र परिवारसँग समय बिताउने गर्नुहुन्छ। विद्यालयले नेतृत्व विकासमा जोडदिने गरेको बताउनुहुँदै किताबी पढाईमा मात्रै सीमित नरही व्यवहारमा पनि सुधार ल्याउने हो भने मात्रै शिक्षामा गुणस्तर कायम हुने अञ्जलीको बुझाइ छ।

*कक्षा-१०, आधुनिक राष्ट्रिय मावि, हेटौँडा-४*

**प्रस्तुती: सुप्रभा शर्मा।**

## बुधबारे बालसाहित्य विशेषबारे

मकवानपुर जिल्ला पठन संस्कृतिका हिसाबले कमजोर अवस्थामा रहेको जिल्ला हो। हामी पछिल्लो समय विद्यालय तहका विद्यार्थीलाई नै पाठ्यक्रमका पुस्तकबाहेक अन्य पाठ्यसामग्री अध्ययन गर्नुपर्ने आवश्यकताबारे बुझाउने प्रयासमा छौं। यस क्रममा हामीले ७ कक्षाभन्दा माथिल्लो कक्षाका विद्यार्थीलाई दैनिक पत्रिका विद्यालयबाटै वितरण गर्ने गरेका छौं। यो अभियानमा सहकार्य गर्ने विद्यालयप्रति आभारी छौं। विद्यार्थीलाई पत्रिकामा आफ्नै रचना अध्ययनको अवसर रह्यो भने पठनप्रति अझ बढी रुचि जागृत हुने अपेक्षा गरेका छौं।

हामीले हरेक शनिबार साहित्यिक रचना प्रकाशन गर्ने गरेका छौं। शनिबारको अंकमा विद्यार्थीका रचनालाई पर्याप्त स्थान दिन सम्भव नभएका अवस्थालाई ध्यानमा राखी आजदेखि हरेक बुधबार पहिलो चरणमा पेज ३ लाई बालसाहित्य विशेषको रुपमा प्रस्तुत गर्ने जमर्को गरेका छौं। यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।

**सम्पादक।**

# यात्राको महत्व



**अप्सन दाहाल**

यात्रा भन्ने बित्तिकै हाम्रो मस्तिष्कमा एक ठाउँबाट अर्को ठाउँमा घुम्नु, अवलोकन र भ्रमण गर्नु भन्ने बुझिन्छ। यात्रा पैदल र सवारीसाधनद्वारा यात्रा गर्ने गरिन्छ। यात्रा गर्ने मान्छेलाई यात्री वा पर्यटक पनि भनिन्छ। विशेषत: यात्रा दुई प्रकारको हुन्छ।

१) आन्तरिक यात्रा

२) बाह्य यात्रा।

आन्तरिक यात्रा भनेको आफ्नै देशमा रहेर आफ्नै देशको विभिन्न ठाँउमा गरिने यात्रा हो भने बाह्य यात्रा भनेको कुनै पनि व्यक्तिले अन्य देशमा गरिने यात्रा हो।

यात्राले मानव जीवनमा ठूलो भूमिका खेल्दछ। यसले मानवको मानसिक र बौद्धिक पक्षलाई विकास गर्ने विशेष रुपमा जोड दिएको हुन्छ। यात्राले प्राकृतिक वातावरणमा रमाउने प्रयत्न गराउँछ। कुनै स्थलको धार्मिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक पक्षको जानकारी समेत गराउँछ। पैदल यात्रा तथा ट्रेकिङ गर्दा स्थानीय परिवेशमा बास बस्दा भलाकुसारी गर्ने क्रममासम्बन्धी क्षेत्रको जनजीवन अनुभूत गर्ने मौका पाइन्छ। यात्राले नै मानिसलाई जीवनमा परेका दु:ख र चिन्ताबाट मुक्त गराइ दिमागमा ताजगीपन ल्याउने समेत काम गराउँछ। यात्रा गर्नु निकै नै लाभदायक हुन्छ।

हाम्रो देशमा नेपालमा विभिन्न देशबाट घुम्नका लागि पर्यटकहरुले यात्रा गर्ने गर्दछन्। जसले गर्दा देशको आर्थिकस्तरमा निकै सुधार समेत आउन सक्छ। हुन त यात्रा गर्ने काम निकै खर्चिलो हुन्छ भन्ने कुरामा कुनै दुईमत छैन तर सबै कुराको योजनाअनुरुप हामी यात्रा गर्ने बाटोमा लम्किँदा निकै सहज हुने सम्भावना हुन्छ र जीवनमा फरक-फरक अनुभव संगाल्दै बौद्धिकताको समेत अभिवृद्धि गराउन मद्दत पुग्छ।

*कक्षा-८, कमाने एकेडेमी, हेटौँडा-८*

# श्रीकृष्ण



**दिपिका चौधरी**

श्रीकृष्ण मेरा प्रमुख भगवान, नृत्य गर्छन् ध्यानमा
मुरली मनोहर श्यामसुन्दर, भक्तिरसको गानमा

नरम शरीर चन्दनले सजिएको, भव्य यो रुप छ
कमरमा सजाइएको सुनको बाँसुरी, संसारले देख्दछ

मन, शरीर, वाचा सबै दिइसकेँ, सबै तिम्रो नाममा
अब तिम्रै साहारा छ, तिम्रो मात्र शरणमा

सम्पूर्ण संसारमा तिमी नै हो, तिमीबाट नै सबै बनेका
तिम्रा लागि सर्वस्व अर्पण, तिम्रो आराधनामा

मनमोहन तिम्रो छाया हो, सास फेर्ने आधार हो
मलाई विश्वास छ कि तिमी मुक्तिको बाटो हो

मनबाट अनुरोध छ काम मेरो एउटा गरिदिनु
जब मेरो समय आउँछ तब तब मलाई एउटा मौका दिनु

हेटौँडा स्कूल अफ म्यानेजमन्ट

# मेरो अनौठो सपना



**दिव्यालक्ष्मी भट्ट**

सपना भनेको कल्पना गरिएको कुरा हो। आज म मेरो अनौठो सपनाको बारेमा लेखिरहेकी छु।

यहि मिति २०८० साल भदौ ८ गते राति मैले एउटा अनौठो सपना देखेँ। सपनामा म जंगलमा थिएँ र त्यहाँ वरिपरि केहि थिएन। म डराएको थिएँ किनभने म जंगलमा हराएँ। म आफ्नो बाटो खेजिरहेको बेलमा म नजिकैको झाडिबाट आवाज आयो। झसङ्ग भएँ। त्यहाँबाट एउटा एलियन निस्कियो। हामीले एक अर्कालाई चिनजान गर्‍यौं। त्यसपछि हामी उसको दुनियामा गयौं। त्यहाँको सुन्दरता देखेर म दङ्ग परेँ र त्यस ग्रहलाई टोलाएर हेरिरहेँ।

पछि मलाई दिव्या भनेर बोलाएको जस्तो लाग्यो। म झसङ्ग ब्युँझिएँ। उहाँ मेरो आमा हुनु हुँदो रहेछ। धन्यवाद

*कक्षा ५, नवोदय शिशु सदन मावि, हेटौँडा-४*

# "मेकिङ इट इजी" लाई नियाल्दा



**निमिशा निरौला**

सानैदेखि उच्च मनोबल र अध्यात्मतर्फ बढी आकर्षित भएका आदर्श पौडेल नवयुगका लेखक हुन्। उनले "मेकिङ इट इजी" नामक पुस्तकहरूको शृङ्खला लेख्नुका साथसाथै उनका अन्य कृतिहरू प्रकाशनका लागि तयारावस्थामै छन्। वि.सं. २०६६ साल असार १३ गते जन्मिएका उनी ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालयमा अध्ययन गर्छन्।

आदर्श पौडेलद्वारा लिखित "मेकिङ इट इजी" एक पुस्तकहरूको शृङ्खला हो जसको पहिलो भाग "द आर्ट अफ स्ट्रेस फ्रि एण्ड प्रडक्टिभ लाइफ" पुस्तक एक आत्म-मद्दत पुस्तक हो। यस पुस्तकमा विभिन्न जीवनोपयगी ज्ञान समेटिएको छ जसले व्यक्तिको जीवनमा सुख र शान्ति भर्न मद्दत गर्दछ। यो पुस्तकमा गीताको ज्ञान र श्लोकहरूलाई आधुनिक जीवनमा कसरी उपयोग गर्ने भन्ने प्रश्नको उत्तर समेटिएको छ र यसमा पूँजी सङ्कलन र रकम व्यवस्थापनको बारेमा पनि उल्लेख गरिएको छ। पुस्तकको सुरुवात शान्तिका साथ कार्य गर्न अनि "कर्म र धर्म" दुवै गर्न सिकाउने उपायहरूबाट हुन्छ र त्यसपश्चात जीवनमा प्रत्येक व्यक्तिले अपनाउनै पर्ने वैज्ञानिक र आध्यात्मिक विचारहरूको वर्षा हुन्छ।

यस पुस्तकमा विभिन्न कथाहरूको माध्यमबाट पनि ज्ञान दिइएको छ जस्तै सन्त र राजाको कथाबाट क्रोध र लोभको कारण शान्ति नपाइने, बुवा र छोराको कथाबाट क्रोधको नकारात्मक असरहरूको, आमा र छोराको कथाबाट तृष्णाका बेफाइदाहरू आदि दर्शाइएको छ। यो आत्म-मद्दत किताबमा लेखकले शान्तिको मार्गमा लाग्दा आफ्नो भावना नियन्त्रण गर्दाको समयका बारेमा पनि उल्लेख गरेका छन्। यसमा समयको वैज्ञानिक

**पुस्तक समीक्षा**

ढुङ्गबाट व्यवस्थापन, प्रयोग र समयको बचत् गर्न सिकाइएको छ जुन अहिलेको यस आधुनिकताले भरिएको युगमा जोकोहीले सिक्नै पर्दछ। यो पुस्तक अत्यन्त ज्ञानवर्द्धक छ जसले हरेक व्यक्तिको जीवन सुधारका लागि मद्दत गर्न सक्छ।

यस पुस्तकको सुधारात्मक पक्ष अवलोकन गर्ने हो भने यस आत्म-मद्दत किताबमा आध्यात्मिक कुरालाई जोड दिएर ध्यान गर्नु भनिए तापनि कुन र कस्तो ध्यान भनेर स्पष्ट पारिएको छैन। त्यसैगरी यस पुस्तकमा भौतिकवादी नबन्नु भनेर भनिए तापनि लेखकले भने सदैव ५ मिनेट पैसा र पूँजीको व्यवस्थापन गर्न लगाउनु भनेर पनि पुस्तकमा उल्लेख गरेका छन् जसले पछि गएर पैसाप्रति लगाव पनि बढाउन सक्छ र मेरो हिसाबमा लेखक आफैं दोधारमा परेका छन्। त्यसैगरी यस पुस्तकमा तृष्णा, रिस, राग, मोह, अनावश्यक भावना आदिलाई त्याग्नुपर्छ त भनिएको छ तर मेरो हिसाबमा नत्यागे पछि हुन सक्ने असरहरु अझ विस्तृत रूपमा चित्रण गरिएको भए पाठकले अझ राम्रोसँग जीवनमा शान्ति अँगाल्न यी विकारहरु फाल्नै पर्छ भन्ने कुरा बुझ्न सक्थे। अत: यो पुस्तकमा मेरो हिसाबमा केही कमी कमजोरी देखिएका छन् तर समष्टिमा यो पुस्तक प्रेरणादायी रहेको छ।

कतिपय मानिसहरूले आत्म-मद्दत पुस्तकलाई अलिकति पढेर छोडिदिने गर्दछन् तर उनीहरूलाई अवगत हुँदैन कि उनीहरूले कति ठुलो भुल गरिरहेका छन् किनभने आत्म-मद्दत पुस्तकहरूबाट अर्धज्ञान लिने व्यक्तिले कहिल्यै जीवनको महत्व बुझ्न सक्दैनन्। "मेकिङ इट इजी" पुस्तक शृङ्खलाको यो पहिलो भाग कोहीले बुझ्न सक्दैनन्। लेखकका अनुसार "जो मान्छे यस संसारमा केही गर्ने सोच राख्छन्, उनका लागि मात्र यो पुस्तक राम्रो र प्रतिफलदायी बन्छ।"

अत: आदर्श पौडेलद्वारा लिखित यो कृति सर्वोत्कृष्ट छ र यसमा केही सुधारात्मक पक्षहरू जस्तै लेखक आफैले भाषिक कुराहरू मिलाएकाले लिखित रूपमा ससाना त्रुटिहरू एवम् विषयवस्तु विश्लेषणमा अलि कमी देखिए तापनि यो पुस्तकमा भएका जीवनोपयोगी ज्ञानहरू जस्तै 'कर्मण्येवाधिकारस्ते' तथा अन्य सुन्दर श्लोकहरूको व्याख्या र जीवनमा यिनको उपयोगका बारेमा चर्चा गरिएको छ। यस पुस्तक पढ्दा पाठकहरूले उनीहरूकै सामुन्ने लेखक आएर एक एक कुरा सिकाएको जस्तो अनुभूति गर्न सक्छन्। पाठकहरूलाई शान्ति राख्न, ईश्वरप्रति साधना गर्न, मोह, क्रोध, लोभ र तृष्णा त्याग्न, आर्थिक पक्षमा सवल रही खुसी प्राप्त गरेर शान्तिलाई अँगाल्न, कर्म गर्न, आदिका लागि यस पुस्तकले प्रेरणा दिन्छ।

अन्त्यमा, आम पाठकहरूको हृदयलाई छोएर कर्म गर्न र शान्तिका साथ जीवन जिउन सिकाउने भएकाले म तपाईंलाई यदि तपाईंसँग जीवनमा केही राम्रो गर्ने इच्छा छ भने यो पुस्तक एकपटक पढ्न सुझाव दिन्छु किनभने यसबाट तपाईंले अवश्यनै राम्रो प्रतिफल प्राप्त गर्न सक्नु हुन्छ।

*कक्षा-९, ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालय, नवसर्जक साहित्य चौतारी बागमती प्रदेश सदस्य*



**परिवारै पढ्दै**: हेटौँडाको एक परिवारमा अभिभावक आफ्ना नानीबाबुलाई पढाउँदै। घरमा आफ्ना बाबुनानीलाई पढाउँदै गर्दा अभिभावकले पनि आफ्ना बाबुनानीको पुस्तकमा धेरै कुरा पढ्छन्। अभिभावकको यस किसिमको सहयोगले बालबालिकालाई पढ्न, लेख्न प्रेरित गर्छ।

# घामछायाँ



**आर्सी थापा**

कति राम्रो छायाँ कति राम्रो घाम
चउरमा खेल्छन् दुवै एकै ठाम
खोलावारिबाट खोलापारि तर्छन्
डाँडा वारिपारि लुकामारी गर्छन्

जसै घाम बस्छ नरमाइलो मानी
उडी आउँछे छायाँ शीतल पङ्ख तानी
जसै छायाँ बस्छे दिनहुँ कोरीबाटी
अनि आउँछ घाम कालो मेघ काँटी

घामछायाँ मिली फूलमा रङ्ग भर्छन्
आफ्नो सीप हेरी आफैँ दङ्ग पर्छन्
आकाशको चेलो धर्तीकी चेली
सधैं बालापन सधैं हाँसीखेली

इन्द्रेणीको रङ्गले घामको शोभा दिन्छ
चराचुरुङ्गी र कोइली नाच्न फेरी थाल्छ
घाम र छायाँ एकै रथका पाङ्ग्रा
नियतीको खेल नि कति हो अनौठा

*कक्षा-७, कमाने एकेडेमी, हेटौँडा-८*



**राधाकृष्ण**: श्रीकृष्ण जन्माष्टमीको पूर्वसन्ध्यामा मंगलबार एक जोडी बालबालिकालाई राधा र कृष्णको रुपमा तयार गरी खिचिएको तस्वीर। शैक्षिक संस्थाहरुमा बालबालिकालाई राधा र कृष्णको रुपमा प्रस्तुत गर्ने प्रचलन व्यापक बनेको छ।

# होटल तथा रेष्टुरेन्ट सर्वेक्षणसम्बन्धी अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय होटल तथा रेष्टुरेन्ट सर्वेक्षण २०८० को सम्बन्धमा हेटौंडामा प्रदेशस्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको छ । मंगलबार राष्ट्रिय तथ्यांक कार्यालय काठमाडौं समन्वय र तथ्यांक कार्यालय मकवानपुरको आयोजनामा मस्यौदा प्रश्नावली सम्बन्धमा छलफल भएको हो ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार आर्थिक काम २१ भागमा विभाजन भएकोमा एक होटल व्यवसाय भएको राष्ट्रिय तथ्यांक कार्यालय काठमाडौंका निर्देशक राजेश धितालले जानकारी गराउनुभयो । निर्देशक धितालका अनुसार देशको अर्थतन्त्रमा आवास तथा भोजनको सेवाबाट होटल क्षेत्रको भूमिका हुने भएकाले आर्थिक क्रियाकलापलाई व्यवस्थितरुपले सञ्चालन गर्न सर्वेक्षण गर्न लागिएको हो । सर्वेक्षणको विषयमा छलफलको सुरुवात बागमती प्रदेशबाट भएको र अन्य प्रदेशमा पनि छलफल गरिने उहाँको भनाइ छ ।

कार्यक्रममा राष्ट्रिय तथ्यांक कार्यालय काठमाडौंका निर्देशक विनोद आचार्यले होटलमात्र नभई होमस्टे, संघसंस्था (आवास तथा भोजन सेवा उपलब्ध गराउने) सेवाप्रदायक प्रतिष्ठानहरुको पहिलो विस्तृत सर्वेक्षण गर्ने बताउनुभयो । नेपालको अर्थतन्त्रमा आवास तथा भोजनालयको योगदानको मापन गर्ने बताउँदै होटल क्षेत्रको विकास सम्पूर्ण देशको विकाससँग जोडिएकाले सर्वेक्षण गर्न लागिएको जानकारी दिनुभयो । यस्तो सर्वेक्षण यसअघि २०६० सालमा भएको तर उक्त सर्वेक्षणमा सबै होटल व्यावसाय नसमेटिएकाले विस्तृत सर्वेक्षण गर्न लागिएको उहाँको भनाइ छ ।

सामान्य चिया पसलदेखि पाँचतारे होटलसम्मको सर्वेक्षण हुने आचार्यले बताउनुभयो । २०६० सालमा गरेको सर्वेक्षणमा १ दशमलव ९८ प्रतिशत अर्थव्यवस्था होटल व्यवसायले समेटेको पाइएको थियो । पछिल्लो समयमा कतिको परिवर्तन भएको छ भनि सर्वेक्षण गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

छलफलका क्रममा एक होटल व्यवसायीले सर्वेक्षणले सही तथ्यांक नआउन सक्ने बताउँदै एक निकायले अर्को निकायलाई तथ्यांक दिएमा कारबाहीमा पर्नसक्ने डरले सही तथ्यांक नदिन सक्ने धारणा राखेका थिए । सर्वेक्षणको क्रममा संकलन गरिएको तथ्यांक सर्वोच्च अदालतले माग्दासमेत दिन नपर्ने ऐन भएकाले कुनै निकायलाई यस तथ्यांक नदिने निर्देशक आचार्यले बताउनुभयो । होटलको सम्बोधन गर्नुपर्ने पक्ष के छ भनेर सर्वेक्षण गर्न लागिएको उहाँले जोड दिनुभयो ।

## २१ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा मंगलबार २१ जनामा डेंगु पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार मंगलबार २१ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । हेटौंडा उपमहानगरपालिकाका १५ जना, मनहरी गाउँपालिकाका ६ जनामा डेंगु पुष्टि भएको छ ।

## २१ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८ कमानेको निमचोकमा भएको रक्तदान कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटीको ६१ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम आयोजना भएको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । मंगलबार भएको कार्यक्रममा ३ महिला र १८ पुरुषले रक्तदान गरेका हुन् । रक्तदान कार्यक्रम नेपाल रेड्क्रस सोसाइटी हेटौंडा-८ उपशाखाले आयोजना गरेको हो ।

## श्री जनज्योति माध्यमिक विद्यालय

हैटौंडा उपमहानमरपालिका-१४, मयुरधाप

### शिक्षक आवश्यकता

*सूचना प्रकाशित मिति २०८०/०५/२० गते*

**उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर, हेटौंडाको मिति २०८०/०५/१८ को प्राप्त पदपूर्ति अनुमतिपत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०५/१९ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपूर्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान सहित विज्ञापन प्रकाशित गरिएको छ ।**

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ००१/०८०/०८१ | प्र.वि. | राहत | १ | अंग्रेजी विषयलाई प्राथमिकता |

२. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३. शैक्षिक योग्यताः प्रविणता प्रमाणपत्र वा सो सरह उतीर्ण ।
४. परीक्षाको किसिमः लिखित, अन्तरवार्ता (संशोधन नयाँ पाठ्यक्रम अनुसार), आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा ।
५. तलबभत्ताः नेपाल सरकारको राहत कोटाका लागि तोकिए बमोजिम ।
६. दरखास्त दस्तुरः नगद रु. १,५००/- (एक हजार पाँच सय मात्र) निवेदन साथ पेश गर्नुपर्ने ।
७. दरखास्त दिने अन्तिम दिनः २०८०/०६/०४ गते विद्यालय समय भित्र ।
८. दरखास्त दिने स्थानः विद्यालयको प्रशासनिक कक्ष ।
९. सम्पर्क मितिः २०८०/०६/०५ गते बिहान ११:०० बजेपछि ।
१०. परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराइने छ ।

**११. आवश्यक कागजातहरुः**
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन-१ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-२ थान
ग) SLC/SEE देखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि-२ थान ।

**नोटः-**
क. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा नाम सूचिकृत भएको उमेदवारहरुले विज्ञापन भएको मितिले ७ (सात)दिन भित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।
ख. माथिल्लो योग्यता भएको । ICT मा दक्ष भएको एवं अनुभवि र अंग्रेजी माध्यममा कक्षा ८ सम्म, स्वास्थ्य र विज्ञान विषयको शिक्षण गर्न सक्ने व्यक्तिलाई विशेष ग्राह्यता दिइने छ ।

सम्पर्क नं. ९८५५०२९२५६, ९८४५३७३८०४, ९८६५०१२४१५

**प्रधानाध्यापक**

## लिलाम बिक्री सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति २०८०/०५/२० गते*

यस उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लि.का ऋणी श्री सज्जन कुमार महर्जनले मिति २०७७/०७/०५ गते हायर पर्चेज अन्तर्गत यस संस्थाबाट यामाहा स्कुटर, सवारी मोडेल RayZR SR बनेको साल 2020 च्यासिस नं. ME19EG468L0017926 इन्जिन नं. E329E0160791 स्कुटर खरिद गर्नुभएको तर हालसम्म पनि ऋण चुक्ता नभएको र बारम्बार ताकेता गर्दा पनि सम्पर्कमा नआउनु भएको कारणले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सावाँ १०६४७०/८९ ब्याज १८७६९/५१ र हर्जना ७५२३/६४ गरेर जम्मा हुन आउने रकम १३२७६४/०४ (एक लाख बत्तिस हजार सात सय चौसी रुपैयाँ चार पैसा मात्र) कार्यालयमा उपस्थित भई सम्पूर्ण ऋण चुक्ता गर्न हुन अनुरोध गर्दछौ अन्यथा लिलामी प्रकृया अपनाई बाँकी बक्यौता असुल उपर गरिने ब्यहोरा जानकारी गराईन्छ ।

**उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौडा-११, थानाभर्याङ्ग**

## शैक्षिक गुणस्तर बढाउन अभिभावकसँग छलफल

सुप्रभा शर्मा

हेटौंडाः हेटौंडा उपमाहानगरपालिका-११, डाङ्डुङ्गेमा रहेको आनन्दभैरव आधारभूत विद्यालयले अभिभावकसँग छलफल गरेको छ । मंगलवार विद्यालय व्यवस्थापन समितिले शिक्षकसहित अभिभावकसँग छलफल गरेको हो ।

विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिका लागि अभिभावकको सल्लाह र शिक्षकहरुको धारणा बुझ्न छलफल गरिएको विद्यालयका प्रधानाध्यापक कृष्ण खनालले जानकारी दिनुभयो । प्रथम त्रैमासिक परीक्षाको नतिजा चित्तबुझ्दो नभएका कारण कक्षा ६, ७ र ८ मा अध्ययनरत विद्यार्थीका अभिभावकसँग छलफल गरिएको उहाँले बताउनुभयो । ती कक्षामा ६३ जना विद्यार्थी रहेका छन् ।

छलफलमा विद्यालय व्यवस्थापन समितिका सदस्यहरु रामबहादुर थोकर र सरिता वाईवाको उपस्थिति थियो । छलफलमा ३० जना शिक्षक तथा अभिभावकको उपस्थिति थियो । छलफलका क्रममा विद्यालयमा कोचिङ कक्षा सञ्चालन गर्न अभिभावकले सुझाव दिएको प्रधानाध्यापक खनालको भनाइ छ । भदौ २६ गतेबाट अंग्रेजी, गणित र विज्ञान विषयको कोचिङ सुरु गर्ने उहाँले जानकारी दिनुभयो ।

## प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-२ मनकामनाचोक

### १०औं वार्षिक साधारणसभामा उपस्थित हुनेबारे सूचना

उपरोक्त विषयमा यस प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि. को १० औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशन तपशिलमा उल्लेखित मिति समय र स्थानमा हुन गइरहेकोले अनिवार्य उपस्थितिका लागि अनुरोध गर्दछौं ।

**तपशिलः**
मितिः २०८० भाद्र २३ गते शनिबार
स्थानः बालकुमारी पार्टी प्यालेस, हेटौंडा-४
समयः विहान ८:३० बजे

**धन बहादुर पौडेल**
**सचिव**

(**नोट**:- साधारणसभामा पासबुकसहित शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्ने छ । स्वयम् सदस्यलाई मात्र यातायात खर्च उपलब्ध गराइनेछ ।)

## बिलबुक हराएको सूचना

**मिति २०८० साल असार २ गतेका दिन हेटौंडा-४, कान्तीराजपथबाट टेक बहादुर श्रेष्ठको नाममा रहेको ना १७ प ७४७७ नम्बरको निलो रङको १५० सिसिको पल्सर मोटरसाइकलको (च्यासिस नम्बर (MD2DADHZ2TCK-72521, इन्जिन नम्बर DHGBTKC56467) मोटरसाइकलको बिलबुक हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सूचना प्रकाशित गरिन्छ ।**

**सम्पर्कः ९८६४२६२६३७**

We Are Open

**हाम्रो सेवाहरुः**



- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु

**सम्पर्कः ९८४५४३८८६०/०५७-५९११५९**

**DURBAR AGRO MART**

Hetauda–4, Shitalmahal road

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ